मकवानपुरगढी गाउँपालिकामा कोदो प्रशोधन केन्द्र उदघाटन। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com






● मकवानपुर, वर्ष-१५, ● अंक-१० ● २०७९ असोज ०३ गते सोमबार, ● 19 Sep. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


# पाँचमध्ये थाहानगरको तीन क्षेत्रमा औषत प्रगती न्यून

**वार्षिक समिक्षा**

विकास संवाददाता
थाहानगर




मकवानपुरको थाहा नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा ७८.८ प्रतिशत वित्तिय प्रगती गरेको जनाएको छ । पालिकाले चालुतर्फ ८८.६४ र पुँजीगततर्फ ६९.४८ प्रतिशत वित्तिय प्रगती भएको हो । नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा कुल १ अर्ब ३ करोड ६० लाख ८५ हजार ६०८ रूपियाँ वार्षिक बजेट रहेकोमा कुल ८१ करोड ६५ लाख १ हजार ७७७ रूपियाँ खर्च गरेको जनाएको छ । नगरपालिकाले आयोजना गरेको वार्षिक समिक्षा कार्यक्रममा यस्तो जानकारी दिइएको हो ।

थाहा नगरपालिकाले उक्त आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीयको विभिन्न स्रोतहरूबाट गरी चालुतर्फ ५० करोड ४२ लाख ७९ हजार ६०८ रूपियाँ विनियोजन गरेकोमा ४४ करोड ६९ लाख ९८ हजार ९५० रूपियाँ खर्च गरेको छ । त्यस्तै पुँजीगतर्फ ५३ करोड १८ लाख ६ हजार विनियोजन भएकोमा ३६ करोड९५ लाख २ हजार ८२७ रूपियाँ खर्च गरेको नगरपालिकाले जनाएको छ ।

थाहानगरले क्षेत्रगत खर्चतर्फ सबैभन्दा बढि कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा खर्च (वित्तिय प्रगती) भएको छ । यस शीर्षकमा विनियोजित १२ करोड २० हजार ४३३ रूपियाँ विनियोजन भएकोमा ११ करोड ५ लाख २४ हजार १७२ अर्थात ९२.०९ प्रतिशत बजेट खर्च भएको छ । सामाजिक विकास क्षेत्रमा वित्तिय प्रगती भएको छ । दोस्रो बढि वित्तिय प्रगती भएको क्षेत्र सामाजिक विकासमा हो । यसक्षेत्रमा विनियोजन भएको ३९ करोड ९६ लाख ८ हजार १७५ मा ३४ करोड ३७ लाख ६० हजार ५३८ रूपियाँ अर्थात ८६.०२ प्रतिशत खर्च भएको छ । पालिकाले बजेट विनियोजन गर्ने विभिन्न ५ क्षेत्र मध्ये पूर्वाधार विकासको खर्च तेस्रो स्थानमा रहेको छ । यस क्षेत्रको विकासका लागि विनियोजित ३४ करोड ८४ लाख ८१ हजार विनियोजन भएकोमा २६ करोड ६ लाख ४९ हजार ३७४ रूपियाँ अर्थात ७४.८ प्रतिशत बजेट खर्च भएको छ । त्यस्तै कृषि र पर्यटनको नगरको रूपमा परिचित थाहामा विनियोजित बजेट नै पालिकाको औषत खर्च भन्दा १४ प्रतिशत कम खर्च भएको छ । यस अन्तर्गत आर्थिक विकास क्षेत्रका लागि १३ करोड ८२ लाख ७ हजार विनियोजन भएकोमा ८ करोड ९५ लाख ६ हजार ४२ रूपियाँ अर्थात ६४.७६ प्रतिशत मात्र खर्च भएको छ । थाहानगरले सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा विनियोजन गरेको बजेट सबैभन्दा कम खर्च प्रतिशत रहेको छ । पालिकाको सुशासन र अन्र सम्बन्धित क्षेत्रको लागि विनियोजन गरेको २ करोड ९७ लाख ६९ हजार मध्ये १ करोड २० लाख ६१ हजार ६५० रूपियाँ मात्र अर्थात ४०.५२ प्रतिशत खर्च भएको छ ।

## आम्दानी प्रक्षेपनभन्दा बढि

थाहानगरले आर्थिक वर्ष २०७८/०७९ मा दुई स्रोतको आम्दानी पक्षमपन भन्दा बढि गरेको छ । पालिकाले आन्तरिक आय र राजश्व बाँडफाँडको स्रोतमा बढि आय गरेको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले संघीय सरकारबाट प्राप्त हुने अनुदान ४६ करोड ७६ लाख ८३ हजार आय प्रस्ताव गरिएकोमा ४६ करोड ५४ लाख ३७ हजार अर्थात ९९.५२ प्रतिशत आय गरेको पालिकाले जनाएको छ । प्रदेश सरकारबाट ९ करोड ६७ लाख ३४ हजार प्रस्तावित आय अनुमान गरिएकोमा शतप्रतिशत आय भएको छ भने राजश्व बाँडफाँडतर्फ १८ करोड ५३ लाख ३५ हजार आय अनुमान गरिएकोमा १९ करोड २८ लाख ४७ हजार १३३ रूपियाँ अर्थात १०४.५ प्रतिशत आय गरेको छ ।

यसैबीच थाहानगरले आन्तरिक स्रोततर्फ २८ करोड ६३ लाख ३३ हजार ६०८ अनुमान गरेकोमा २९ करोड ५० लाख ७० हजार ७४० रूपियाँ अर्थात प्रस्तावित आयको १०३.०५ प्रतिशत आय गरेको नगरपालिकाले जनाएको छ । यस स्रोत अन्तर्गत गत आर्थिक वर्षको २० करोड ७८ लाख ३९ हजार ६९३ बैंक मौज्दात समेत रहेको पालिकाको प्रतिवेदनमा उल्लेख छ ।

नगरपालिकाले आन्तरिक स्रोततर्फ सम्पत्ति करमा प्रस्तावित आय भन्दा बढि आम्दानी गरेको छ । सम्पत्ति करमा ५० लाख अनुमान गरिएकोमा ५४ लाख ९४ हजार ७३४ रूपियाँ अर्थात १०९ प्रतिशत आम्दानी गरेको छ । त्यस्तै मालपोत भूमिकरमा २ करोड १७ लाख ८५ हजार अनुमान प्रस्ताव गरिएकोमा ३ करोड ३९

( बाँकी पेज ४ मा )

# च्वाइसले बनायो भीमफेदीको दुर्गम इक्चुङमा स्वास्थ्य इकाइ भवन



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर ३ को विकट टोल इक्चुङमा स्वास्थ्य इकाइको भवन निर्माण गरिएको छ । भवनको ३१ भाद्रमा एक समारोहका विच बागमती प्रदेश सभासद् तथा सामाजिक विकास मन्त्री कुमारी मोक्तानले उद्घाटन गरिन् ।

भीमफेदी गाउँ पालिका वडा नम्बर ३ का अध्यक्ष तथा स्वास्थ्य इकाइ सहयोग संञ्चालन समितिको अध्यक्ष प्रितिलाल लामाको अध्यक्षतामा उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा प्रमुख अतिथि माननीय मन्त्री मोक्तानले भवन निर्माणमा आर्थिक तथा प्राविधिक सहयोगी च्वाइस नेपालका कार्यक्रम निर्देशक किरण न्यौपानेलाई दोसल्ला सहित कदर पत्र प्रदान गरेकी थिइन् । सो अवसरमा स्वास्थ्य इकाइ भवन निर्माणका लागि एक रोपनी जग्गा प्रदान गर्ने जग्गादातालाई पनि दोसल्ला तथा कदर पत्र प्रदान गरेको थियो ।

कार्यक्रममा मकवानपुरगढी गाउँपालिका स्वास्थ्य संयोजक ध्रुव लामिछानेले उक्त स्वास्थ्य इकाइबाट भीमफेदी मात्र नभएर मकवानपुरगढी गाउँपालिका वडा न ७ र ८ औखरे र बौखरेका समेत जनताले प्रत्यक्ष सेवा लिन सहज हुने बताए । यसैगरी भीमफेदी स्वास्थ्य संयोजक रामनाम थिंङले आउदो २ असोजबाट स्वास्थ्य इकाइमा उपचार सेवा प्रदान गर्न एक अहेव, एक अनमि, एक का.स.खटाइ सकेको र आवश्यक परीक्षण सामग्री औजारहरू उपलब्ध गराइएको बताए ।

जिल्लाको मकवानपुरगढी गाउँपालिका उपाध्यक्ष मान कुमारी पाख्रिनले इक्चुङमा स्वास्थ्य इकाइबाट मकवानपुरगढी गाउँपालिकाका जनताले समेत उपचार सेवा पाउने भएकोले गाउँपालिकाले थप एक अनमिको दर बन्दी सहकार्य गरिने र उक्त प्राबधिकबाट प्रसुति सेवा सञ्चालनमा ल्याउन आगामी मंसिर महिनामा संम्झौता गरिने प्रतिबद्धता जाहेर गरेका थिए।

कार्यक्रम समापन गर्दै अध्यक्ष लामाले यसै आर्थिक वर्षमा भवनको थप तल्ला निर्माण गरी स्टाफ क्वार्टर सहित सेवा प्रदान गर्ने बताए ।

# वडाको अगुवाईमा सचेतना ऱ्याली

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ३ र ४ को संयुक्त आयोजनामा डेङ्गी रोग विरूद्ध सचेतनामुलक ऱ्याली भएको छ । ३० भाद्रमा दुई वडाका जनप्रतिनीधि, हिमालयन बोर्डिङ स्कुल र जन कल्याण माविका विद्यार्थीहरूसहित ऱ्याली भएको वडा सचिव पाल्साङ लामाले जानकारी दिए ।

सचेतना ऱ्याली थाहानगरको शिखर कोटबाट ओखरबजारसम्म संचालन भएको थियो । ऱ्यालीमा बालबालिकाको साथै इलाका प्रहरी कार्यालय पालुङका प्रतिनीधिहरू, बजार व्यवस्थापन समितिका पदाअधिकारीहरू लगायतको पनि सहभागीता रहेको थियो ।




विकास खबरपत्रिका साप्ताहिक | प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त | www.bikaskhabar.com
२०७९ असोज ०३ गते सोमबार, 19 Sep. 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# • सम्पादकीय •

## जलविद्युत विकासको आधार

नेपालमा जलविद्युतको क्षेत्रमा उल्लेख्य प्रगति भइरहेको छ । एकातिर विद्युत उत्पादन बढिरहेको छ भने अर्कोतिर नेपालबाट भारतमा विद्युत निर्यात हुन थालेपछि यसको प्रगतिदर पनि बढेको छ । चालु आर्थिक वर्ष २०७९/८० को दोस्रो महिना भदौमा मात्रै दुई अर्ब ४२ करोड रुपैयाँको विद्युत भारततर्फ निर्यात भएको छ । देशभित्र खपत गरी अतिरिक्त भएको २४ करोड ६५ लाख २९ हजार युनिट विद्युत नेपाल विद्युत प्राधिकरणले भदौमा निर्यात गरी दुई अर्ब ४१ करोड ६७ लाख ८२ हजार रुपैयाँ आर्जन गरेको छ । प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त बचेको वर्षायामको विद्युत गत जेठ १९ गतेदेखि इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स) को डे–अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री शुरु गरेको थियो । शुरुमा दुईवटा विद्युतगृहको ३९ मेगावाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिकरुपमा आइएक्समा बिक्री गरिएकोमा दोस्रो चरणमा छवटा जलविद्युतगृहबाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिक रूपमा ३६४ मेगावाट भारतीय बजारमा प्रतिस्पर्धी दरमा बिक्री हुँदै आएको छ । प्राधिकरणले जेठ, असार, साउन र भदौसम्ममा ७८ करोड ७८ हजार युनिट विद्युत भारतीय बजारमा बिक्री गरी सात अर्ब १९ करोड ८६ लाख रुपैयाँ आर्जन गरेको छ । ठूलो मात्रामा इन्धन आयात गर्दा नेपालले भारतसँग डरलाग्दो ब्यापार घाटा ब्यहोरिरहेको अवस्थामा यसले थोरै भए पनि ब्यापार घाटा कम गर्न सहयोग गर्नेछ । प्राविधिकरणले चालु आर्थिक वर्षमा विद्युत निर्यातबाट करिब १६ अर्ब रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखेको छ, यही दरले विद्युत निर्यात भइरहेको अवस्थामा आगामी मंसिरसम्म लक्ष्य पूरा हुने देखिन्छ ।

चालु आर्थिक वर्षमा मात्रै कूल छ सय २१ मेगावाट बिजुली थप भएको छ भने आगामी आवमा कूल सात सय मेगावाट बढी बिजुली थप हुने सरकारले प्रक्षेपण गरेको छ । यसरी हरेक वर्ष नेपालमा विद्युत उत्पादन बढ्दै जानु सकारात्मक पक्ष हो । यसरी नै गुणात्मकरुपमा विद्युत उत्पादन बृद्धि गर्दै लैजाने र यसमा जनताको लगानी केन्द्रित गर्न सक्ने हो भने जलविद्युत मुलुकको आर्थिक समृद्धिका लागि महत्वपूर्ण आधारको रुपमा स्थापित हुनेछ । भन्नलाई नेपालमा ८३ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिन्छ भने पनि प्राविधिकरुपमा संभाव्यता अध्ययन गरिएको क्षेत्रलाई मात्रै हेर्दा पनि ४२ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिने सम्भावना छ । आगामी पाँच वर्षमा दश हजार मेगावाट मात्रै विद्युत उत्पादन गर्न सकियो भने पनि यसले नेपालको अर्थतन्त्रमा ठूलो परिवर्तन ल्याउने छ । त्यसो त नेपालमा जलविद्युत क्षेत्रमा लगानीको अभाव पनि देखिदैन । सरकारको सही नीति र लगानी सुरक्षाको विश्वसनीय वातावरण बनाउने हो भने जनताकै लगानीबाट छोटो समयमा ठूला परियोजना निर्माण गर्न सकिने छ । 'नेपालको पानी, जनताको लगानी' जस्ता कार्यक्रम सरकारले अघि सारे पनि ठोस परियोजना बनाएर त्यसमार्फत विद्युत उत्पादनका कार्यक्रम बनाउन सकिरहेको छैन । निश्चित वर्गको मात्रै लगानीभन्दा पनि आम जनताको लगानीमा विद्युत आयोजना निर्माण गर्ने मोडालिटीको विकास गरेर मात्रै विद्युत उत्पादन बढाउन र यसमार्फत समृद्धिको यात्रा तय गर्न सकिने छ ।

अहिले पनि कैयौं गाउँहरुमा विद्युतीकरण हुन बाँकी छ । विद्युत पुगेका ठाउँमा पनि यसको आपूर्ति सहज हुन सकिरहेको छैन । विद्युत उत्पादनसँगै यसको आन्तरिक बजार प्रबर्द्धन र सहज सेवा प्रवाहमा ध्यान दिनु उत्तिकै आवश्यक छ । त्यसका साथै बढ्दो पेट्रोल आयातलाई कम गर्न भान्सादेखि यातायातका साधनसम्ममा विद्युतीय प्रयोग बढाउने कार्यक्रम पनि प्रभावकारी बनाउनु आजको आवश्यकता हो । बढ्दो विद्युत उत्पादन र अन्तर्राष्ट्रिय बजारीकरणको अवस्थासम्म हेर्दा नेपालमा जलविद्युतबाट केही गर्न सकिन्छ भन्ने आशा अवश्य बढेको छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कर्मचारीमा खस्कँदो कार्यसंस्कृति, गुम्दै जनविश्वास



उदय रानामगर

सार्वजनिक सेवा जनता र सरकारलाई जोड्ने सम्बन्ध सेतुका रूपमा रहेको हुन्छ । सार्वजनिक सेवा प्रवाह गर्नु राज्यको दायित्व र प्राप्त गर्नु नागरिकको अधिकार हो । जनतालाई अधिकतम सेवा दिनु आधुनिक राज्यव्यवस्थाको प्रमुख उद्देश्य हो । राज्यद्वारा प्रवाह गरिने सेवा नागरिकको रोजाइ, आवश्यकता, प्राथमिकता र राज्यको क्षमतामा भर पर्छ । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउनका लागि भएको अन्तर्राष्ट्रिय अनुभवलाई यहाँ उल्लेख गर्न सकिन्छ ।

बेलायतमा 'नागरिक बडापत्र र सर्भिस कुपन' को व्यवस्था छ भने जर्मनमा 'पिपुल्स बोनस' जस्ता औजारहरूको प्रयोग गरिएको छ । त्यसैगरी स्वीडेनमा 'स्ट्रिड ब्युरोक्रेसी' तथा अमेरिकामा 'स्टेट फरगिभनेस कार्ड' द्वारा सेवालाई प्रभावकारी गर्ने प्रयास गरेको छ । नेपालमा पनि यदाकदा 'घुम्ती सेवा' सञ्चालन गरिने गरिएको छ । साथै प्रभावकारी सेवा प्रवाहका लागि प्रशासनिक निकायलाई नैतिक, सक्षम, सुदृढ, उत्तरदायी र व्यवसायी बनाउने, क्षमता विकास गर्ने तथा निजामती सेवालाई प्रतिस्पर्धी, उत्तरदायी र जवाफदेही बनाउन विभित्र प्रयास हुँदै आएको छ ।

तथापि सेवा प्रवाहमा बढी लोकप्रिय हुन खोज्ने प्रवृत्तिले यो जनअपेक्षा अनुरूप हुनसकेको छैन । सार्वजनिक प्रशासनमा संलग्न पदाधिकारीको सदाचारितामा आएको ह्रासको कारणले गर्दा सार्वजनिक सेवाप्रति प्रश्नचिह्न खडा भएको छ । नेपालका कर्मचारीहरूको व्यक्तिगत कार्य क्षमता प्रखर भएको तर संस्थागत नतिजा कमजोर रहेको भत्रे छ । यो कार्यले गर्दा सार्वजनिक सेवा प्रवाहप्रति जनविश्वास गुम्दै गएको छ । गुम्दै गरेको जनविश्वास कायमै राख्न पनि सार्वजनिक सेवालाई प्रभावकारी बनाइराख्न सेवामा संलग्न कर्मचारीको आचरण शुद्धीकरण गर्न आवश्यक छ ।

त्यसो त सेवाप्रवाहमा सदाचारिता कायम गर्न कर्मचारी मात्र जिम्मेवार नभई सेवाग्राही पनि त्यतिकै जिम्मेवार र सचेत हुन आवश्यक छ । ग्रीसका दार्शनिक सुकरातको 'सेवाग्राहीले सार्वजनिक सेवा प्रदायकसँग जति प्रश्न गर्न सक्यो त्यति नै सदाचार सबल हुन्छ' भन्ने भनाइ छ । उनको यो दर्शन अहिले पनि त्यतिकै सान्दर्भिक रहेको छ । नेपालको सन्दर्भमा हेर्दा पनि सचेत सेवाग्राही भएका क्षेत्रमा सदाचार प्रबल रहेको देखिन्छ भने सोभ्ता र प्रश्न गर्न नसक्ने सेवाग्राही बढी रहेका क्षेत्रमा सदाचारिता नै चेपुवामा पर्ने गरेको तितो अनुभव छ ।

नेपालको कर्णाली प्रदेशको समग्र जनताको साक्षरता र वागमती प्रदेशको साक्षरता तुलना गर्दा वागमती प्रदेश धेरै अगाडि छ त्यसैले कर्णालीबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पर्ने उजुरीको अनुपात र वागमती प्रदेशबाट पर्ने उजुरीको संख्यामा धेरै फरक छ । सचेत र शिक्षित सेवाग्राही भएको जिल्लामा भ्रष्टाचार उपरको उजुरी बढेको र भ्रष्टाचारमा कमि आएको देखिन्छ । त्यसो त भ्रष्टाचार घटाई सदाचारिता कायम गर्न र गराउनको लागि कार्यसंस्कृतिको ठूलो भूमिका हुन्छ । सार्वजनिक पदमा रहेका पदाधिकारीमा उत्तरदायित्व, सक्षमता, नैतिक मूल्य–मान्यतालाई आत्मसात् गराउने वातावरण भएको खण्डमा सदाचार कायम गर्न सकिन्छ । चीनको स्वशासित क्षेत्र हङकङमा निजामती कर्मचारीहरूको नियुक्तिको समयमा नै सदाचारिताको परीक्षण गर्ने व्यवस्था छ । सामान्यतया सबै व्यक्तिहरूले सरकारी नियुक्तिहरू लिनुअघि विभित्र स्तरको सदाचारिता परीक्षणमा उत्तीर्ण हुनुपर्ने व्यवस्था छ । यस्तो परीक्षण तह तथा पद अनुसार फरक–फरक हुने गरेको छ । यही परीक्षणको आधारमा कर्मचारी नियुक्ति, पदोत्रति र पदस्थापना हुने भएकोले कर्मचारीमा सदाचारिता बलियो छ ।

यसले सम्भावित कर्मचारीहरू असल चरित्र र उच्च निष्ठाका छन् भनी सुनिश्चित गराउँदछ । यसले सेवा प्रवाहमा जनताको विश्वास बढाउन योगदान गर्दै आएको दृष्टान्त छ ।

नेपालमा सदाचारिता खस्कँदो अवस्थामा छ भने जनताले सेवा प्रवाहको विधि र प्रक्रियाप्रति सधैं गुनासो राख्ने गरेका छन् । यसले गर्दा नेपालको सार्वजनिक प्रशासनप्रति जनताको भरोसा टुट्न थालेको अवस्था छ । सेता युनिफर्म लगाएका कर्मचारी देख्दा नै नाक खुम्च्याउने अवस्था सिर्जना भएको छ । जो व्यक्तिप्रति आस्था र भरोसा टुट्छ त्यसले जतिसुकै राम्रा काम गरे पनि त्यसलाई सन्देहको घेरामा राखेर हेरिन्छ । जसले गर्दा सार्वजनिक सेवा प्रवाहको लागि राम्रा कहलिएका कार्यालय तथा कर्मचारीहरूप्रति पनि सेवाग्राहीको धारणा उस्तै रहने गरेको छ ।

हुनत कर्मचारीहरूका पनि आ–आफ्नै समस्या नभएका होइनन् तर पनि जस्तोसुकै कठिन परिस्थितिमा पनि उच्च कार्यसम्पादन गर्ने शपथ खाएर सेवा प्रवेश गरेका कर्मचारीले सधैं आफूलाई अब्बल साबित गर्न सक्नुपर्छ । त्यसको लागि सेवा प्रवाहमा नवीनतम विधि, प्रक्रिया, शैलीको अनुसरण गर्नुपर्दछ । कर्मचारीको कार्यशैलीकै कारण भएका विद्यमान प्रणालीहरू कामयाबी हुनसकेका छैनन् ।

नयाँ पिंढीका कर्मचारीलाई सेवामा भित्र्याएर सेवालाई प्रभावकारी बनाउन सकिन्छ भन्ने सिद्धान्त पनि नेपालको सन्दर्भमा गलत साबित भइसकेको छ । सेवा प्रवेश गरेको पाँच वर्षभित्रका कर्मचारीहरू नै बढी भ्रष्टाचारका केसमा समातिएका तथ्य विद्यमान छ । यस्तो प्रवृत्तिले के देखाउँछ भने कर्मचारीको कार्यशैली सुध्रिन सकेको छैन । त्यसकारण अब ढिला नगरिकन कर्मचारीको कार्य–संस्कृतिमा सुधार गर्न जरूरी भइसकेको छ । त्यसको लागि कर्मचारीको कार्यसंस्कृतिमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्नुपर्दछ । त्यस्ता संस्कृतिहरूमा मूलतः राजनीतिक तत्व, रकम वा पैसा, कानुनी व्यवस्था, प्रशासनिक व्यवस्था र सूचनाको उपलब्धता जस्ता तत्वहरू छन् ।

नेपालको कर्मचारीतन्त्रमा कार्यसंस्कृतिका त्यही तत्वहरूले गर्दा कर्मचारीको कार्यव्यवहार र कार्यसंस्कृतिमा प्रभाव पार्दै आएको छ । त्यसको मुख्य कारणहरूमा कर्मचारीको मनोबल गिर्दो हुनु, कर्मचारीमा तालिमको अभाव, सूचनामा पहुँचको कमी, सहभागितामूलक निर्णय प्रणालीको अभाव, सेवाग्राहीसँग पृष्ठपोषण लिने प्रणालीको अभाव, सदाचारयुक्त आचरण नहुनु, कमजोर तलबी व्यवस्था, अधिक राजनीतिक हस्तक्षेप र चाकडीजन्य संस्कृतिले प्रश्रय पाएको कारण कर्मचारीको कार्यसंस्कृति प्रभावित हुँदै आएको छ । यसबाट कर्मचारीको मनोबल कमजोर भई सार्वजनिक सेवा प्रभावकारी हुनसकेको छैन ।

सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि विद्यमान कानुनी व्यवस्था नभएको भने होइन । नेपालको संविधानको प्रस्तावनाले जनतालाई सार्वभौम शक्ति मानेको छ भने संविधानको मार्गदर्शक सिद्धान्त र नीतिहरूले राज्यलाई जनमुखी बनाउन मार्गनिर्देश गरेको छ । संविधानको धारा ५१ (ख) को (४) मा सुशासन कायम गर्ने कुरा उल्लेख छ भने धारा ५० (४) मा अन्तर्राष्ट्रिय सम्बन्धका कुरा उल्लेख छ ।

संविधानको भावना अनुसार संघमा ३४०, प्रदेश कानुन २१३ र स्थानीय तहमा १६ वटा कानुनसम्म बनेर कार्य हुँदै आएको छ भने त्यसको लागि संघ अन्तर्गत १९०७, प्रदेश अन्तर्गत ९३१ र स्थानीय तह अन्तर्गत ६६०५ वटा संगठनबाट सेवा प्रदान गरिंदै आएको छ । ती सबै संगठनमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिलाई जिम्मेवार बनाई सदाचारिता कायम गर्नको लागि सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४ को दफा ६ मा आचरणको व्यवस्था छ ।

निजामती सेवा ऐन, २०४९ को दफा ७ मा कर्मचारीको आचरण र दण्ड सजायको व्यवस्था गरिएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ मा भ्रष्टाचारजन्य कार्यमा दण्ड सजायको व्यवस्था गरेको छ । तथापि कर्मचारीको सदाचारितामा सुधार भएको छैन । यसले कर्मचारीको कार्यसंस्कृतिमा सुधारको खाँचो छ भन्ने कुरा औंल्याउँछ ।

कर्मचारीको कार्यसंस्कृतिमा सुधार गरी सदाचारिता प्रवर्द्धन गर्नका लागि केही पक्षहरूमा कर्मचारी आफैं सुध्रिनुपर्ने देखिन्छ भने केही पक्षमा कार्यालयले नै जिम्मेवारी लिनुपर्छ । कार्यालयको तर्फबाट कर्मचारीको कार्यशैली सुधारका लागि प्रत्येक महिनाको कुनै एक दिन स्टाफ बैठक राख्ने र सबै कर्मचारीले भोगेका समस्या सुन्ने र त्यसलाई व्यवस्थापन

*बाँकी पृष्ठ ३ मा*


# यि खानपान जसले कलेजो शुद्धीकरण हुन्छ

कलेजो मानव शरीरको सबैभन्दा ठुलो अङ्ग हो। पाचन प्रणालीमा कलेजोको खास भूमिका हुन्छ । शरीरलाई स्वास्थ्य बनाउन कलेजोले धेरै काम गर्नुपर्ने हुन्छ ।

शरीरलाई निरोगी बनाइराख्न कलेजोले खास भूमिका खेलेको हुन्छ । यो अङ्गको सबैभन्दा महत्वपूर्ण काम भनेको शरीरको फोहोरलाई बाहिर निकाल्ने हो। हामीलाई चोट पटक लाग्यो वा कट्यो भने रगत निस्कन्छ त्यो रगतलाई धेरै बग्न बाट रोक्ने काम पनि कलेजो नै गर्छ। हामीले खाएको खानालाई टुक्राउने शरीरलाई चाहिने पोषक तत्त्व राख्ने र नचाहिने विकार बाहिर निकाल्ने काम पनि कलेजोले गर्छ ।

हामी जब कुनै चीज खान्छौं त्यतिखेर पाचन प्रणालीले यसलाई तुरुन्तै सानो सानो टुक्रा बनाइदिन्छ । यसपछि यो आहार रगतको सहाराले हेपाटिक पोर्टल सिस्टमको माध्यमबाट कलेजोसम्म पुग्छ ।

कलेजोले भोजनमा पनि सबै पोषक तत्त्व जस्तै भिटामिन, मिनरल्स, एन्टिअक्सिडेन्ट्स आदीलाई अलग अलग गर्छ र शरीरको आवश्यकता अनुसार यसलाई अलग अलग अङ्गमा पुऱ्याउँछ । यसले केही पोषक तत्त्वहरूलाई भण्डारण गर्छ ताकी यसले ऊर्जाको तुरुन्त आवश्यकता हुने अवस्थामा प्रयोग गर्न सकियोस् ।



शरीरलाई स्वास्थ्य राख्न महत्वपूर्ण कलेजोलाई स्वास्थ्य र बलियो राख्न हामीले पनि केही कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ । कलेजोलाई बलियो र स्वस्थ बनाउन कस्तो खानपान उचित हुन्छ ? यस्ता कुन खाना छन् जसले कलेजोको शुद्धीकरण गर्छ ?

### कलेजोलाई खराब गर्ने खानेकुरा

कुनै पनि खानेकुराले कलेजोलाई खराब गर्ने भन्दा पनि कुनै पनि खानेकुरा शरीरलाई चाहिने भन्दा बढी मात्रामा खायो भने कलेजोलाई खराब गर्ने हो । रक्सी, चुरोट, कार्बोहाइड्रेट बढी भएको खानेकुरा जस्तै चामल, गहुँ र मैदाले बनेको खानेकुरा, चिल्लो बढी भएको खानेकुरा आदिले कलेजोलाई खराब गर्छ ।

जंकफुड, तेलमा तारेको खानेकुरा आदिले पनि कलेजोलाई खराब गर्छ । कार्बोहाइड्रेट बढी भएको खानेकुराले हाम्रो कलेजोलाई खराब गर्छ भनेर कार्बोहाइड्रेट खान चटक्कै छोड्ने भने होइन । किनकि कार्बोहाइड्रेट पनि सीमित मात्रामा हाम्रो शरीरलाई आवश्यक पर्छ ।

कोक, फ्यान्टा जस्ता पेय पदार्थमा कृत्रिम चिनी र रङ्ग प्रयोग गरिएको हुन्छ । यसले गर्दा कलेजोमा बोसो जम्छ । रङ्गको रसायनले कलेजोलाई नोक्सान पुऱ्याउँछ। त्यसैले यस्ता गुलिया पेय पदार्थ पनि कलेजोको लागि हानिकारक हो ।

अहिले धेरै व्यक्तिहरूमा कलेजोमा बोसो जम्ने 'फ्याटी लिभर'को समस्या देखिएको छ । बोसोजन्य खानेकुराको कारणले कलेजोलाई खराब गर्छ कलेजोमा बोसो जम्छ भन्ने बुझाइ धेरैको हुन सक्छ । तर, त्यो कुरा शतप्रतिशत सही होइन । कार्बोहाइड्रेट बढी भएको खानेकुराको धेरै सेवनले कलेजोमा बोसो जम्ने समस्या देखिने हो । कार्बोहाइड्रेट बोसोमा परिणत हुन्छ र यस्तो समस्या देखा पर्छ ।

### कलेजोलाई शुद्धीकरण गर्ने खानेकुरा

उसिनेको अण्डाको सेतो भाग, हरियो सागसब्जी, सलाद, फलफूल जस्ता प्रोटिन भएको र रेसादार खानेकुराले कलेजोलाई शुद्धीकरण गर्छ। तर, अहिले तरकारी फलफूलहरूमा पनि धेरै विषादीहरू प्रयोग भएर आएको हुन्छ । यस्ता विषादीहरूले कलेजोमा सिधै असर गर्छ । त्यसैले त्यो खानेकुराहरूबाट विषादीको असर कम गर्नको लागि काँचो खाने हो भो राम्ररी पखालेर र पकाएर खाने भए राम्रोसँग पकाएर खानुपर्छ ।

### कलेजोलाई स्वास्थ्य राख्नको लागि ध्यान दिनुपर्ने कुराहरू

- कलेजोलाई स्वास्थ्य राख्नको लागि सबैभन्दा ध्यान दिनुपर्ने खानेकुरा नै हो । त्यसैले कार्बोहाइड्रेट बढी भएको र बढी चिल्लो प्रयोग भएको खानेकुरा खानु हुँदैन ।

- कलेजोमा बोसो जम्न नदिनको लागि तौल नियन्त्रण गर्नु पर्छ । तौल नियन्त्रण गर्नको लागि खानापनमा नै ध्यान दिनुपर्यो । जंकफुड, बढी चिल्लो खानेकुरा, बोसो बढी भएको रातो मासु, कार्बोहाइड्रेट बढी भएको खानेकुरा कम खानुपर्यो ।

- कलेजोलाई स्वास्थ्य राख्नको लागि राम्रो निद्रा पनि आवश्यक हुन्छ । निद्राको कमीले कलेजोमा बढी दबाब पर्छ, त्यसैले शरीरलाई आराम दिनको लागि समयमा सुत्ने र समयमा उठ्ने बानी गर्नुपर्छ ।

- कलेजोलाई स्वास्थ्य राख्नको लागि शारीरिक गतिविधि र व्यायाम पनि जरुरी हुन्छ । शारीरिक रूपमा सक्रिय भएन भने कलेजोमा बोसो जम्ने समस्या देखिन सक्छ ।

(लेखक पेट तथा कलेजो रोग विशेषज्ञ हुन्)

## हैट, दुरुपयोग !

सामान्यतय कुनै पनि ठाउँमा कण्डमको माग बढ्नुलाई मानिसहरू यौनजन्य रोग, अनावश्यक गर्भ आदिको बारेमा बढि सचेत हुन थालेछन् भनेर लिन सकिन्छ । यद्यपी भारतको पश्चिम बेङ्गोलको हकमा भने यो लागु हुँदैन ।

'टाइम्स अफ इण्डिया' को एक रिपोर्टअनुसार पछिल्लो समय पश्चिम बेङ्गोलको दुर्गापुरमा कण्डमको माग अत्याधिक बढेको छ तर उक्त कण्डम गर्भनिरोधकको रूपमा प्रयोग नभई लागु औषध जसरी प्रयोग भइरहेको छ ।

कण्डमलाई तातो पानीमा लामो समयसम्म भिजाउँदा यसका 'अर्ग्यानिक मोलिक्युल ब्रेक' भई 'अल्कोहोलिक कम्पाउन्ड' बन्ने हुँदा सो पानी पिएमा मानिसलाई नसा लाग्ने जानाकारहरू बताउँछन् । कण्डमलाई सुगन्धित बनाउन प्रयोग गरिने पदार्थले गर्दा त्यस्तो नसा लाग्ने बताइन्छ । उक्त फ्लेभर र डेनड्राइडको मादक तत्व एउटै हो ।

## कर्मचारीमा खस्कँदो .... ...

गर्न संयुक्त रणनीति बनाउनुपर्छ । कर्मचारीको मनोबल उकास्नको लागि उपलब्ध सेवा-सुविधा वितरणमा समानता कायम गर्न सक्नुपर्छ ।

प्रत्येक आर्थिक वर्षको अन्त्यमा कर्मचारीको ३६० डिग्री मूल्यांकन विधिको आधारमा उत्कृष्ट कर्मचारीको छनोट गरी निजको फोटो कार्यालय परिसरमा राख्ने गर्नुपर्छ, यसो गर्दा कर्मचारीको मनोबल बढ्न जान्छ । यो मूल्यांकनबाट उत्कृष्ट ठहरिएको कर्मचारीलाई निजामती सेवा पुरस्कारका लागि मन्त्रालयमा सिफारिस गरिनुपर्दछ । सेवाग्राहीको पृष्ठपोषण नियमित रूपमा गुनासो संकलन गरी सोको अभिलेख राख्ने र त्यसको आधारमा सुधार गर्दै जानुपर्दछ ।

कार्यालयको कामलाई अधिकतम रूपमा प्रविधिमैत्री बनाई सेवा दिइसकेपछि सेवाग्राहीलाई धन्यवाद दिने कार्यलाई संस्थागत गर्नुपर्छ । सेवाग्राहीमा सेवा वितरणको प्रक्रियाका बारेमा श्रव्यदृश्यमार्फत जानकारी गराउनुको साथै सुधार कार्यको निरन्तर अनुगमन तथा मूल्यांकन गर्नुपर्छ ।

यसका अतिरिक्त कर्मचारी आफैँले सुधार गर्नुपर्ने पक्षहरू पनि छन् । त्यसको लागि उनीहरूमा इच्छाशक्ति बढाउने गतिविधि हुन आवश्यक छ । मन्जोरले सन् २०१२ मा 'सेवा प्रवाहको प्रभावकारितामा कर्मचारी उत्प्रेरणाको प्रभाव' भन्ने शीर्षकमा अध्ययन गरेका थिए । यस अध्ययनको नतिजा अनुसार जब कर्मचारीहरूको उत्प्रेरणा मूलतः उसको मान्यता र सशक्तीकरणमा निर्भर हुन्छ, तब आन्तरिक रूपमा उनीहरू आफ्नो काम, संगठन र संगठनात्मक वातावरणमा सन्तुष्ट हुन्छन् जसले संगठनात्मक प्रभावकारितामा सकारात्मक प्रभाव पार्ने र सेवा प्रवाहमा बढोत्तरी हुने निष्कर्ष निकालेको पाइन्छ । यसर्थ पनि सेवा प्रवाहलाई प्रभावकारी तुल्याउनको लागि कर्मचारी उत्प्रेरित हुन आवश्यक छ । उत्प्रेरित कर्मचारीले मात्र उसको आचरणमा सुधार ल्याउन सक्दछ ।

सदाचारी र स्वउत्प्रेरित कर्मचारीले नै सेवा प्रवाह प्रभावकारी तुल्याउन सक्ने भएकोले सार्वजनिक सेवामा कार्यरत कर्मचारीको व्यवहार ग्राहकमैत्री हुनुपर्दछ । उनीहरूले सेवाग्राहीसँग गर्ने व्यवहारबाट नै सरकारप्रतिको धारणा बन्ने गर्दछ । त्यसकारण पनि कर्मचारी स्वयंले सेवा दिँदा कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई मुस्कानसहितको सेवा दिनु बुद्धिमत्तापूर्ण हुन्छ ।

कार्यालयमा सेवा लिन आउने प्रत्येक सेवाग्राहीलाई नमस्कार गर्ने बानी बसाल्नुपर्दछ । कर्मचारीको कार्यशैली परिवर्तन गरी कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई म तपाईलाई के सहयोग गर्न सक्छु ? (मे आई हेल्प यू ?) भनेर सोध्ने संस्कारलाई व्यवहारमा रूपान्तरण गर्नुपर्दछ । सेवाग्राहीप्रतिको उत्तरदायित्व बोध गर्दै उनीहरूको कार्य गरिदिने संस्कारको अवलम्बन गर्नुपर्दछ । साथै कार्यालयमा सिर्जना भएको सूचनाहरूलाई प्रत्येक दिनको शून्य समयमा सबै कर्मचारीहरूबीचमा आदान-प्रदान गर्ने व्यवस्था गर्नुपर्दछ ।

कार्यालयमा उपस्थिति हुन नसक्ने अवस्था सेवाग्राहीले समेत देख्ने स्थानमा लगबुकमा नियमित रूपमा अपडेट गरी आफ्नो बारेमा जानकारी लिपिबद्ध गर्ने र सोको जानकारी सेवाग्राहीलाई दिन आफ्नो शाखाको सूचनापाटीमा उक्त जानकारी राख्ने संस्कारको सुरुवात गर्नुपर्दछ । यसो गर्न सकिएको खण्डमा सार्वजनिक प्रशासनमा रहेको सदाचारितामाथि उठेको प्रश्नचिह्नलाई केही हदसम्म निष्टारा गर्न सकिन्छ । यसबाट सेवा प्रवाहको खस्कँदो अवस्थामा सुधार आई सरकार र जनताबीचमा खलबलिएको सम्बन्धमा केही हदसम्म सुधार हुन जानेछ ।

*(लेखक नेपाल सरकारका सहसचिव हुन् ।)*






# थाहानगरमा मनाइयो राष्ट्रिय बाल दिवस, स्वस्तिमालाई वक्तृत्वकलाको उपाधि

◆ शम्भु अधिकारी

मकवानपुर थाहानगरको झम्केश्वरी माविमा ५८ औं राष्ट्रिय बाल दिवसको अवसरमा भएको भएको वक्तृत्वकला प्रतियोगितामा इन्द्रायणी मावि आग्रा–८ की छात्रा स्वस्तिमा थापा प्रथम भएकी छिन् । 'बालमैत्री समाजको आधार : जिम्मेवार परिवार, उत्तरदायी सरकार' भन्ने मुल नाराकासाथ थाहानगर बाल संजालको आयोजनामा भएको "सामाजिक संजालको दुरूपयोग हटाउन सरोकार वालाको भुमिका विषयक वक्तृतवकला प्रतियोगितामा मत्स्यनारायण माविकी छात्रा आकृति बस्नेत दोश्रो, नाट्यश्वर मावि टौखेलकी छात्रा आकृति केसी तेश्रो तथा सरस्वती मावि देउखेलका छात्र दिपेन्द्र कार्कीले सान्त्वना भएका थिए ।

थाहा नगरपालिका सामाजिक विकास शाखा, महिला बालबालिका शाखा तथा शिक्षा शाखाको समन्वयमा झम्केश्वरीमा नगरस्तरीय अन्तर मावि वक्तृत्वकला प्रपितयोगिता भएको हो । प्रतियोगिताका विजयीहरूलाई थाहानगर उपप्रमुख तथा कार्यक्रमका प्रमुख अतिथी भरत गोपालीले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए ।

प्रतियोगितामा प्रथम हुनेले ८ हजार नगद सहित शिल्ड तथा प्रमाणपत्र प्राप्त गरे भने दोश्रो तथा तेस्रो र सान्त्वना हुनेले क्रमशः ६ हजार, ४ हजार र २ हजार नगदसहित प्रमाणपत्र प्राप्त गरेका थिए । प्रतियोगिताको निर्णायकहरूमा कार्यक्रममा पालुङ बहुमुखी क्याम्पसका प्राध्यापक कुमार नेगी, थाहानगर शिक्षा शाखा अधिकृत माधवबिक्रम मल्ल र स्वच्छन्द भैरव माविका शिक्षक उदेशा पौडेल रहेका थिए ।

प्रमुख अतिथी उपप्रमुख भरत गोपालीले सामाजिक संजालको सकारात्मक र नकारात्मक दुवै पाटो भएकाले साइवर अपराध अहिलेको जल्दोबल्दो समस्याको रूपमा अगाडि बढिरहेकोले दुरूपयोगको अनुगमन सरकारी स्तरबाट नै हुनुपर्ने बताए । उनले बालबालिकाहरूले मोबाइलमा सिकाइ खोजिरहेका छन कि फ्रीफायर र पब्जी खोजिरहेको छन् यसबारे अभिभावकहरू चनाखो हुन आवश्यक भएको औल्याए । उनले प्रविधिको तिव्रगतिको विकाससंगै अवसर र चुनौति दुवै भएको बताए । कार्यक्रममा बोल्दै इलाका प्रहरी कार्यालयका प्रमुख दुर्गा खनालले सामाजिक संजालको दुरूपयोग संसार भरको समस्या भएको बताउदै विकृति नराम्रोसंग बढिरहेको बताए । उनले सामाजिक संजालले ठुलालाई मात्र नभएर साना बालबालिकालाई समेत गाँज्दै लगेकोले सामाजिक संजाल प्रयोगको बारेमा कानून कडा बनाउनुपर्नेमा जोड दिए ।

प्रतियोगितामा सहभागीहरूले बालबालिकालाई सामाजिक संजालबाट टाढा बनाउन शिक्षक र अभिभावक जिम्मेवार हुनुपर्नेमा जोड दिदै चुलेसीलाई तरकारी काट्न बाहेक अरू काट्न प्रयोग गर्दा दुरूपयोग हुने उदाहरण दिदै बालबालिका लाई सामाजिक संजालमा दुरूपयोग रोक्न समाज सरकार सबै सरोकारवाला निकायको भुमिका हुनेमा जोड दिएका थिए ।

थाहानगर बाल संजालकी अध्यक्ष खुशी गोपालीको अध्यक्षतामा भएको कार्यक्रममा नगर शिक्षा समिती संयोजक राजेन्द्रभक्त श्रेष्ठ, सामाजिक विकास समिती संयोजक दिनेश बल, थाहानगर सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, सामाजिक विकास समिती सदस्यद्वय पबित्रा ठकुरी, जनक बिश्वकर्मा, महिला बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तान, पत्रकार शम्भु अधिकारी, झम्केश्वरी माविका सहायक प्रधानाध्यापक प्रवीण विष्टलगायत नगरका ११ वटा विद्यालयका विद्यार्थी तथा शिक्षकहरूको उपस्थिती रहेको थियो ।

# बागमती प्रदेश सिहदरबारः डिपिआर एकातिर, निर्णय अर्केतिर

◆ विकास संवाददाता




बागमती प्रदेशको राजधानीमा प्रदेशको सिंहदरवार निर्माण गर्ने काम पनि सरकार बदलिएसंगै कुरा फेरीदा काम सुरू हुन सकेको छैन । प्रदेशका सबै मन्त्रालय, मुख्यमन्त्री कार्यालयका भवनहरू हेटौंडा उपमहानगरपालिका वडा नम्बर–२ अहिले मुख्यमन्त्री कार्यालय रहेको भवन नजिक पुरानो जिल्ला विकास समितिको भवन सहितका पुराना संरचना हटाएर निर्माण गर्नेगरी डिपिआर निर्माण गरिसकिएको छ ।

तत्कालिन मुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको सरकारले मुख्यमन्त्री कार्यालय र मन्त्रालयहरू निर्माण गर्नका लागि ठेक्का लगाउने तयारी समेत गरेको थियो । तर, राजेन्द्र पाण्डे नेतृत्वको सरकारले त्यसमा ठेक्का लाग्न दिएको छैन । बरू हेटौंडा–१६ हटियामा संघीय सरकार मातहतको जग्गा लिएर प्रदेशको सिंह दरवार निर्माण गर्ने बताउनु भएको छ । अहिले मुख्यमन्त्री कार्यालयको भवन अगाडिबाट र यस आसपासका क्षेत्रलाई ओगटेर प्रदेशको सिंहदरवार निर्माण गर्नेभनेर एक करोड रूपैयाँ भन्दा बढी रकम खर्च भइसकेको छ । हटियामा सर कारी जग्गा संघीय सरकारले दिने होकी होइन अझै अन्यौल भने कायम छ । डिपिआर निर्माण भएपछी ठेक्का लगाउन दिएको भए काम निकै अगाडि बढीसक्ने थियो । तर, प्रदेश सरकारको पाँच वर्ष बित्न लाग्दा पनि प्रदेशका मन्त्रालय र संसद भवन कहाँ निर्माण हुने भनेर अन्यौल भने कायमै छ ।

बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले हेटौंडाको हटियामा प्रदेशको मुख्यमन्त्री कार्यालय, मन्त्रालयहरू र संसद भवन समेत निर्माण गर्नेगरी तयारी थालिएको बताउनु भएको छ । पाण्डेले भने–'हटियामा ५५ बिगाहा क्षेत्रफल सरकारी जमिन छ । त्यही जग्गामा प्रदेशको सिंहदरवार बनाउने तयारी थाल्दै छौं ।' एकै स्थानमा सै मन्त्रालय र संसद भवन पनि निर्माण गर्ने तयारीका साथ काम अगाडि बढेको बताए । ठुलो क्षेत्रफल भएकाले जनपथ प्रहरीका कार्यालय, ससस्त्र प्रहरी र अरू कार्यालयहरू पनि निर्माण गर्न सहज हुने भएकाले यो जग्गा प्राप्तीका लागि संघीय सरकारसंग पहलको काम भइर हेको मुख्यमन्त्री पाण्डेले बताए । चालु आर्थिक वर्षको बजेटमा एक अर्ब ५ कर ोड रूपैयाँ बजेट प्रदेशका मन्त्रालयहरू निर्माण गर्नका लागि छुट्याइएको बताउँदै उनले भने–'यो बजेट पर्याप्त होइन । तै पनि काम सुरू गर्नका लागि सहज हुन्छ । अब डिपिआर र निर्माणको काम समेत गर्नेगरी एकै पटक ठेक्का मार्फत काम गर्ने तयारीमा छौं ।'

हेटौंडा बजारको बाइपास सडकबाट राजमार्ग लैजानेगरी काम सुरू गर्नका लागि आफुले पनि अनुगमन गरेको र यस विषयमा मकवानपुर उद्योग बाणिज्यसंघ र पार्टीका नेताहरू सहितको टोलीले प्रधानमन्त्री शेरबहादुर देउवासंग भेटेकाउनले बताए । बजार क्षेत्रको सडकबाट बिचभागबाट १६/१६ मिटरमा घरधनी आफैले भत्काउने र राजमार्ग बाइपासबाट लैजाने गरी पहल पनि भइरहेको बताए । हटियामा मुख्यमन्त्री कार्यालयदेखि मन्त्रालयहरू, प्रदेशसभा भवन, प्रदेश लोक सेवा आयोग, सांसददेखि मन्त्रीका निवसा, विभागहरू, प्रहरी बिटसहितको संरचना निर्माण हुनेछन् । बागमतीमा सरकार गठन भएको ४ वर्षपछि ११ फागुन ०७८ मा प्रदेश सरकारले हेटौंडाको ८ ठाउँमा जग्गा पहिचान गरी प्रादेशिक संरचना निर्माण गर्न स्वीकृतिका लागि संघीय सरकार समक्ष सिफारिश गरेको थियो ।

११ कात्तिक ०७८ मा बागमतीमा पाण्डे नेतृत्वको सरकार गठन भएपछि प्रशासनिक भवन जग्गा पहिचान समिति बनाएर प्रादेशिक संरचना बनाउन नयाँ जग्गा खोजी गरिएको थियो। उक्त समितिले ८ वटा जग्गामा संरचना बनाउन कूल १ सय ९५ दशमलव २७ बिघा जग्गा पहिचान गरेर सरकारलाई प्रस्ताव गरेको हो । हेटौँडा उपमहानगरपालिका–१९ लेवटमा ८० बिघा जग्गा पहिचान गरिएको थियो। यसैगरी, हेटौँडा–१६ मा ५४ बिघा, हेटौँडा–६ चित्रेपानीमा २० देखि २५ बिघा, हेटौँडा–९ लामसुरेमा १५ बिघा, हेटौँडा–१७ हटियास्थित डिपोचौरमा १२ बिघा, हेटौँडा–९ स्थित हेटौँडा सिमेन्टको स्वामित्व रहेको ५ बिघा, हेटौँडा–८ भोर्लेमा २ दशमलव १३ र हेटौँडा–१७ हटियाको पश्चिम डिपोचौरमा २ दशमलव १४ बिघा जग्गा छनोट गरेर संघीय सरकारलाई स्वीकृतिका लागि प्रस्ताव गरिएको थियो। यसअघि तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले हेटौँडा–२ स्थित हालकै सरकारी अया भएका क्षेत्रमा प्रादेशिक संरचना बनाउने गरी डिपिआर निर्माण गरेका थिए।हाल मुख्यमन्त्री कार्यालय रहेको क्षेत्र साँघुरो रहेको भन्दै पाण्डे नेतृत्वको सरकारले प्रादेशिक संरचना हटियामा बनाउने निर्णय गरेको हो। हेटौँडाको मुख्य बजारबाट हटिया करिब १५ किलोमिटर दूरीमा छ । हटिया काठमाडौं–निजगढ द्रुतमार्गबाट नजिक र धरान–चतरा–हेटौँडा सडक खण्डसँग जोडिएको क्षेत्र हो ।




## पाँचमध्ये थाहानगरको..

लाख १० हजार ९५३ रूपियाँ अर्थात १५५ प्रतिशत, अन्य दस्तुरमा २३ लाख ३१ हजार अनुमान प्रस्ताव गरिएकोमा ३६ लाख ५० हजार ९६९ अर्थात १५६.६३ प्रतिशत यथार्थ आय भएको छ ।

व्यवसाय करमा ७ लाख ६५ हजार अनुमानित आय प्रस्ताव गरिएकोमा ८ लाख ५ हजार ७४६ अर्थात १०५. ३३ प्रतिशत आन्तरिक आय संकलन भएको छ भने अन्य बिक्रीबाट प्राप्त करमा १० हजार अनुमान गरिएकोमा ४६ हजार अर्थात ४६० प्रतिशत आय भएको छ ।

पालिकाले घर बहाल करमा ९२.७५ प्रतिशत, कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा ५०.७१, सिफारिस दस्तुरमा ८८.६९ र अन्य क्षेत्रको आयमा ९४.१२ आय संकलन (प्रगती) भएको छ ।

# जनकल्याण स्काउट ट्रुपको हाइक तथा ब्याच वितरण

◆ विकास संवाददाता

जनकल्याण स्काउट ट्रुपको आयोजनामा हाइक तथा दोश्रो ब्याचलाइ बिपि ब्याच बितरण कार्यक्रम १ असोजमा भएको छ।

मौसम प्रतिकुलताको बाबजुद पनि जनकल्याण माविबाट झम्केश्वरी माविसम्म ४ किलोमिटरको हाइक पूरा गरि बिबिध सन्देशमुलक कार्यक्रम सहित, नाचगान तथा खेलकुद कार्यक्रम आयोजना गरियको स्थानिय स्काउट थाहा नगर संयोजक गणेशमान श्रेष्ठले जानकारी दिए।

प्रतिकुल मौसम तथा स्थान परिवर्तन हुँदाहुँदै उल्लेख विद्यार्थीहरूको सहभागी रहेको श्रेष्ठले जानकारी दिए।



# थाहामा सानिमा लाईफ इन्स्योरेन्सको कार्यालय खुल्यो



◆ विकास संवाददाता

मकवानपुरको थाहानगरमा सानिमा लाईफ इन्स्योरेन्स कम्पनीले सेवा बिस्तार गरेको छ। कम्पनीले थाहा-४ पेट्रोलपम्प नजिकै दामन शाखा कार्यालय १ असोजबाट संचालनमा ल्याएको छ।

एक समारोहका बिच थाहा नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष नारायण लामाले इन्स्योरेन्स दामन शाखाको रिवन काटी औपचारिक उद्घाटन गरे।

कम्पनीका चिफ म्यानेजर गणेश चौलागाईंको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, कम्पनीका रिजनल म्यानेजर नरेश थापा, प्याब्सन थाहा नगर का अध्यक्ष सुरेन्द्रमान प्रधानलगायत थाहा नगर भित्र रहेका बित्तिय संस्थाका प्रमुखहरू, संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

# थाहानगरमा संचालित परियोजनाको सामाजिक लेखा परीक्षण

◆ विकास संवाददाता



प्लान इन्टरनेशनलको साझेदार संस्था एकीकृत ग्रामीण विकास समाज मकवानपुरले थाहा नगरपालिकामा संचालित प्रारम्भिक बाल विकास परियोजना तथा बाल सपना परियोजना अन्तर्गतका कार्यक्रमको सामाजिक लेखा परीक्षण गरेको छ। थाहानगरको विकास घरमा २ असोजमा कार्यक्रमको आयोजना गरी कार्यक्रमहरूको उपलब्धि, परिणाम तथा संस्थाको सुशासन तथा बजेट विवरण तथा खर्च विवरणको बारेमा जानकारी दियएको थियो।

एकीकृत ग्रामीण विकास समाजकी अध्यक्ष सीता विष्ट बानियाँको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख विष्णु बिष्ट, उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत होमनाथ काफ्ले, प्लान इन्टरनेशनलका मिर कुमार झा, राडो नेपालका अध्यक्ष डा कृष्ण धिताल, प्राध्यापक तथा एसिया टाइम्सका स्तम्भकार हिम भुर्तेल, सामाजिक परिचालक नवीन सुवेदीलगायत स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविकाहरू अभिभावक शिक्षाका सहभागीहरूको उपस्थिती रहेको थियो। कार्यक्रम निर्मल भण्डारीले सहजीकरण गरेका थिए। ग्रामिण विकासले थाहानगरमा ३ वर्षदेखि थाहा नगरपालिकामा बाल सपना परियोजना संचालन गर्दै आएकोमा सोको समेत मूल्याकंन गरिएको छ।

# स्थानीय स्काउटद्वारा बाल दिवस मनाइयो




◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा क्रियाशील स्थानीय स्काउट कार्यालयको समन्वय तथा जनकल्याण स्काउट ट्रुपको आयोजनामा विभिन्न कार्यक्रम भएको छ। 'बालमैत्री समाजको आधारः जिम्मेवार परिवार, उत्तरदायी सरकार' भन्ने मुल नाराकासाथ कार्यक्रम संचालन गरिएको हो।

जनकल्याण स्काउट ट्रपका संयोजक तथा प्रधानाध्यापक सानोभाई कार्कीको सभाध्यक्ष तथा स्थानीय स्काउट थाहानगर संयोजक गणेशमान श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम संचालन भएको हो। जनकल्याणको प्राङ्गणमा इसिडी कक्षाका बालबालिकाबीच चकलेट दौड, कक्षा १ देखि ३ सम्म म्युजिकल चियर, कक्षा ४ र ५ मा मेरो विद्यालय विषयक चित्रकला, ६ देखि ८ सम्मका विद्यार्थीबीच मेरो सुन्दर थाहानगर विषयक चित्रकला तथा कक्षा ९ र १० का विद्यार्थी माझ बाल अधिकार मेरो सरोकार विषयक निबन्ध प्रतियोगिता भएको हो।

सफल विद्यार्थीहरूलाई पुरस्कार वितरणसहित डेँगी रोग विरूद्द सचेतनामुलक  र्‍याली जनकल्याण माविबाट शिखरकोट बजार हुँदै ओखर बजारसम्म विद्यार्थीहरूले डेँगीबाट बचौँ, वातावरण सफा राखौँ भन्ने नारासहित सचेतना र्‍याली समेत गरेका थिए। र्‍यालीमा ५ सय जना विद्यार्थीले सहभागिता जनाएका थिए।

# मकवानपुरगढी गाउँपालिकामा कोदो प्रशोधन केन्द्र उदघाटन

◆ विकास संवाददाता




मकवानपुरको मकवानपुरगढी गाउँपालिका वडा नम्बर ४ कालिखोलामामा रहेको अपाङ्ग तथा विपन्न सहकारी संस्थाले गाउँपालिकासंगको लागत साझेदारीमा संचालनमा ल्याएको कोदो संकलन तथा प्रशोधन केन्द्र एक समारोहका वीच उदघाटन गरिएको छ। सहकारी संस्थाका अध्यक्ष दिलबहादुर योञ्जनको सभाध्यक्षता र मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतानको प्रमुख आथित्यता तथा पालिका उपाध्यक्ष मानकुमारी पाख्रिन नेपालीको विशेष आतिथ्यतामा भएको कार्यक्रममा वडा नम्बर ४ का अध्यक्ष अर्जुन प्रसाद तिमल्सिना, कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरी, रूद्रबाटिका सामुदायिक स्वास्थ्य इकाईका प्रमुख लक्ष्मण दाहाल, कृषि प्राविधिक गोपाल लम्सााल, सहकारी संस्थाका पदाधिकारीहरू, शेयर सदस्यहरू र कृषकहरूको उपस्थिति रहेको थियो।

प्रमुख अतिथि गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतानले विद्युतीय घट्टको स्वीच थिचेर घट्टबाट कोदो पिसेर उदघाटन गरेका थिए। कोदो पौष्टिक हिसाबले महत्वपूर्ण बाली भएको र यसको बजार माग क्रमशः वृद्दि हुदै गईरहेकोले कृषकहरू कोदो उत्पादनमा लाग्नु पर्ने र सहकारी मार्फत कोदोको संकलन र पिठोलाई प्याकेजिङ गरि बजारीकरण गर्न गाउँपालिकाले सहयोग गर्ने अध्यक्ष लामाले प्रतिवद्धता व्यक्त गरे।

बिगत दुई आर्थिक वर्ष देखि सहकारी संस्थाले कोदो संकलन गर्दै आईरहेकोमा भवन अभावका कारण व्यवस्थित रूपमा कोदो संकलन तथा विविधिकरण गर्न सकिरहेको थिएन। अब भण्डारण भवन निर्माण र पिसानी मिल स्थापना पश्चात व्यवस्थित रूपमा कोदो संकलन, भण्डारण तथा प्रशोधन र प्याकेजिङ गरी बजारीकरण गर्न सहज हुने सहकारीका सचिव कृष्ण बहादुर घलान (मुस्कान) ले बताए।

सहकारी संस्थाले कोदो संकलनको कार्य शुरूवात गरेपछि यस भेगका कृषकहरूलाई कोदो बिक्री गर्न सहज भएकोले विगतको वर्षहरूभन्दा कोदो खेती विस्तार भएको छ। गत वर्ष वडा नम्बर ४ बाट मात्र १३ हजार ५०० किलो कोदो संकलन गरिएकोमा यस वर्ष अन्य वडाहरूबाट समेत कोदो सँगै फापर पनि संकलन गरिने लक्ष्य रहेको सहकारीका अध्यक्ष दिलबहादुर योञ्जनले जानकारी दिए।

गाउँपालिकाले स्थानीय तहमा कोदो र फापरको मूल्य निर्धारण गर्छ र सोही मूल्यमा सहकारी संस्थाले खरिद गर्छ भन्ने गाउँपालिकाले सहकारी मार्फत प्रति केजी ४ रूपैयाका दरले प्रोत्साहन अनुदान उपलब्ध गराउदै आईरहेको छ।



कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७९ असोज ०३ गते सोमबार, 19 Sep. 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

www.bikaskhabar.com
bikaskhabar@gmail.com


# नेपालको संविधानको विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवम् राजकीय सत्ता,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**







● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी